"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

स्थानीय सरकार

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०८२/०८३

सूचना नं.: १

मिति: २०८२/०४/०२

ने. सं.: ११४५, दिल्लागा,८ शुक्रबार

श्री वडा कार्यालय सबै,

तिलागुफा नगरपालिका गाल्जे, कालीकोट।

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा स्वयम उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

<u>देहायः</u>

१. राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्बन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने । यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

२. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमबाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

३. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त,असहाय वा नब्बे वर्ष भन्दा माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

४. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही बमोजिम गरिदिने।

५. आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्यको बुँदा नं ३७५ मा चालु आर्थिक वर्ष देखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने। हाल प्राप्त गरिरहेका दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रेहकोले सोही बमोजिम नविकरण गरिदिने ।

<u>आवश्यक कागजातहरु:</u>

- जेष्ठ नागरिकको हकमाः नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- बालबालिकाको हकमाः जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, संरक्षकको नागरिकताको प्रतिलिपि
- अपाङ्गताको हकमाः पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि, १६ वर्ष मुनिको भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,१६ वर्ष भन्दा माथिको भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- असहाय एकल/विधवा महिलाको हकमाः नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि अधिकृत website मा सूचना Upload गरिदिनहुन ।

श्री वडा कार्यालय सबै आ-आफ्नो वडा भित्र सूचना टाँस गरिदिनहुन ।

०८२/४/२

सुनिल ज्ञवाली

नि प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

Website: www.tilaguphamun.gov.np email id: tilagufamun@gmail.com Cellno. 9858320054